# नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचन कार्यक्रम सम्वन्धी
# निर्वाचन समितिबाट जारी
## सूचना

२०७६ चैत्र २८–२९ गते बस्ने यस महासंघको ५४ औं वार्षिक साधारण सभाले गर्ने निर्वाचन सम्बन्धमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने वारे महासंघको सचिवालयबाट यस अघि मिति २०७६/११/२३ मा सूचना पठाइ सकिएको व्यहोरा अवगत भएकै छ । निर्वाचन सम्वन्धी निर्वाचन समितिबाट तयार गरिएको देहाय बमोजिमको निर्वाचन कार्यक्रम तालिका महासंघका सवै सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

| | | |
|---|---|---|
| १. | उम्मेद्वारहरूले मनोनयन पत्र दाखिला | मिति २०७६/११/२५ देखि २०७६/१२/२० गते सांझ ६:०० बजेसम्म |
| २. | मतदान गर्न पाउने सदस्यहरुको पहिलो नामावली प्रकाशन | मिति २०७६/१२/२० गते ६:०० बजे |
| ३. | मतदान गर्न पाउने सदस्यहरुको नामावली उपर दावी विरोध | मिति २०७६/१२/२१ गते विहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| ४. | मतदान गर्न पाउने सदस्य विरुद्ध परेको दावि विरोध उपर छानविन गरी संसोधित दोस्रो नामावली प्रकाशन | मिति २०७६/१२/२१ गते ४:०० बजे |
| ५. | उम्मेद्वारको पहिलो प्रारम्भिक सूची प्रकाशन | मिति २०७६/१२/२१ गते विहान ११:०० बजे |
| ६. | सक्कल कागजात प्राप्त भए पश्चात सो प्रमाणहरुको आधारमा उम्मेद्वारहरुको दोश्रो सूची प्रकाशन | मिति २०७६/१२/२२ गते विहान १०:३० बजे |
| ७. | उम्मेद्वारी मनोनयन पत्र उपरको दावि विरोध | मिति २०७६/१२/२२ गते विहान ११:०० बजेदेखि दिउंसो २:०० बजेसम्म |
| ८. | मनोनयन पत्र उपर परेको दावि विरोध उपर छानविन र सो पश्चात तेस्रो सूची प्रकाशन | मिति २०७६/१२/२२ गते सांझ ५:०० बजे |
| ९. | मतदान गर्न पाउने प्रतिनिधिको तेश्रो सूची प्रकाशन | मिति २०७६/१२/२८ गते विहान ११:०० बजे |
| १०. | मतदान गर्न पाउने प्रतिनिधि उपरको दावि विरोध र छानविन एवं निर्णय | मिति २०७६/१२/२८ गते विहान ११:३० बजेदेखि अपरान्ह १:३० बजेसम्म |
| ११. | मतदान गर्न पाउने प्रतिनिधिहरुको दावि विरोध माथि छानविन पश्चात अन्तिम सूची प्रकाशन | मिति २०७६/१२/२८ दिनको ३:०० बजे |
| १२. | उम्मेद्वारले मनोनयन फिर्ता लिने | मिति २०७६/१२/२२ गते साँझ ५:०० बजे देखी मिति २०७६/१२/२४ गते दिउंसो ३:०० बजेसम्म |
| १३. | उम्मेद्वारको अन्तिम नामावली प्रकाशन | मिति २०७६/१२/२४ गते साँझ ५:०० बजे |
| १४. | निर्वाचन | मिति २०७६/१२/२९ गते विहान ८:०० बजेदेखि दिउंसो १२:०० बजेसम्म |
| १५. | मत गणना | मतदान समाप्त भएपछि |
| १६. | निर्वाचन नतिजाको घोषणा | मतगणना समाप्त भएपछि |

नोटः

१. मतदाता सूचिमा समावेश भएका तर तोकिएको मितिसम्म नविकरण गर्न नभ्याउने संघ/संस्थालाई नविकरण दस्तुर बुझाई आ. व २०७६/०७७ सम्मको नविकरण गर्ने समय मिति २०७६ साल चैत्र २७ गते साँझ ६:०० बजेसम्म कायम गरिएको छ। सो समयसम्म पनि नविकरण नगर्ने सदस्य संघ/संस्थाले मतदाता सूचीमा नाम भए पनि मतदानमा भाग लिन पाउने छैन।

२. माथि प्रकरण नम्बर १ देखि ९ सम्मको निर्वाचन कार्यक्रम महासंघको सचिवालय, टेकु, काठमाडौंमा र प्रकरण नं. १० देखि १७ सम्मको निर्वाचन कार्यक्रम महासंघको साधारण सभा हुने स्थान नेपाल प्रज्ञाप्रतिष्ठान भवन कमलादी, काठमाडौंमा हुने छ। कुनै कारणले मतगणना कार्य २०७६/१२/२९ सम्पन्न हुन नसकेमा वांकी मतगणना कार्य २०७६/१२/३० गते नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय कार्यालयमा हुने छ।

३. प्रकाशीत कार्यक्रम अनुसारको समयमा कुनै प्राविधीक कारणले तोकिएको कार्य सम्पन्न हुन नसकेमा निर्वाचन समितिले तत्काल अर्को सूचना प्रकाशीत गरी निर्वाचन कार्यक्रमको जानकारी गराइने छ।

४. उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्दा मनोनयन पत्रको साथमा देहाएका कागजातहरू अनिवार्य पेश गर्नुपर्ने छ :

क. संम्वन्धित संघ/सस्थाको तर्फबाट उम्मेदवारी मनोनयन गर्न चाहनेले संम्वन्धित संघ/संस्थाको कार्यकारिणी समिति/संञ्चालक समितिबाट उम्मेदवारी खडा गर्ने विषयमा भएको निर्णयको प्रमाणित प्रतिलिपि।

ख वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष एवं कार्यकारिणी समितिको पदमा उम्मेदवारी मनोनयन दर्ता गर्न चाहनेले महासंघको विधानको दफा ४६.१(ख)(ग) र दफा ४६.३(क) को (ऊ) वमोजिमको योग्यता रहेको देखिने कागजपत्रको प्रतिलिपि।

ग. एशोसिएट सदस्यको तर्फबाट उम्मेदवारी दर्ता गर्न चाहनेले फोटो सहितको परिचयपत्र र मुख्य प्रतिनिधिको रूपमा छनोट भएको निर्णयको प्रतिलिपि।

घ. महासंघको विधानको दफा ३४ अनुसार निर्वाचित गर्नुपर्ने पदहरु निम्नानुसार रहेका छन्:

१. बरिष्ठ उपाध्यक्ष – १
२ उपाध्यक्षहरु – ३ (उद्योग वाणिज्य संघ समूह-१, वस्तुगत समूह-१, एशोसिएट सदस्य समूह-१)
३. प्रदेशको प्रतिनिधित्व गर्ने गरी सदस्य ७
४. उद्योग वाणिज्य संघबाट – १८
५. वस्तुगत संघबाट – १४
८. एशोसिएटबाट – १९
६. द्विराष्ट्रिय उद्योग वाणिज्य संघबाट – १
७. महासंघका संस्थापकहरु मध्येबाट – १

| ...................... | ...................... | ...................... |
|---|---|---|
| (रमण कुमार कर्ण) | (लिलामणि पौडेल) | (उपेन्द्र केशरी न्यौपाने) |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | मुख्य निर्वाचन अधिकृत |
| नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ | नेपाल उद्योग वाणिज्य महासंघ |

मिति : २०७६ साल फागुन २३ गते रोज ६ मा।